**<u>प्रेस विज्ञप्ति</u>**
**<u>श्रावण १८, २०८२</u>**

## एन आई सी एशिया क्यापिटल लिमिटेडले आ.व. २०८१/०८२ को मुनाफाबाट शेयरधनीलाई ५० प्रतिशत नगद लाभांश वितरण गर्ने ।

एन आई सी एशिया क्यापिटल लिमिटेडको मिति २०८२/०४/१८ गते सम्पन्न संचालक समितिको १६०औं बैठकको निर्णयानुसार क्यापिटलको नबौं वार्षिक साधारण सभा यही मिति २०८२ भाद्र १८ गते (तदनुसार सेप्टेम्बर ०३, २०२५) बुधबारका दिन एन आई सी एशिया क्यापिटल लिमिटेडको, रजिष्टर्ड कार्यालय, थापाथली, काठमाण्डौमा बिहान ९ बजे गर्न लागिएको व्यहोरा जानकारी गराउदछौं ।

उक्त वार्षिक साधारण सभाबाट **आर्थिक वर्ष २०८१/०८२ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरि पारित गर्ने तथा संचालक समितिले प्रस्ताव गरे बमोजिम चुक्ता पूँजीको ५० प्रतिशत (कर सहित) नगद लाभांश** वितरण गर्न स्वीकृति प्रदान गर्ने लगायतका प्रस्तावहरु उपर छलफल गरि पारित गर्ने व्यहोरा सम्बन्धित सबैमा जानकारी गराईन्छ । छोटो समयमा नै ग्राहकहरु माँफ लोकप्रिय बन्दै गइरहेको यस एन आई सी एशिया क्यापिटलले सातौं वार्षिक साधारण सभा सम्म आउँदा २४० प्रतिशत नगद लाभांश वितरण गर्न सफल भइसकेको छ भने नबौं वार्षिक साधारण सभामा पारितको लागि प्रस्ताव गरेको ५० प्रतिशत नगद लाभांश सहित २९० प्रतिशत नगद लाभांश वितरण गर्न सफल हुनेछ ।

साथै क्यापिटलले आफ्नो सेवालाई सर्वसुलभ र प्रविधिको प्रयोग मार्फत ग्राहकहरु माँफ पुऱ्याउन **"अब लाईनमा होइन, क्यापिटलको सेवा Online मा"** भन्ने मुल नाराका साथ अगाडी बढेको यस क्यापिटलले आर्थिक वर्ष २०८१/०८२ को अन्त्य सम्ममा क्यापिटलबाट प्रदान गरिने अधिकांश सेवाहरु Online मार्फत उपलब्ध गराउने व्यवस्था मिलाउन समेत सफल भएको छ ।

..............................
रामेन्द्र रायमाझी
प्रमुख कार्यकारी अधिकृत

१ नेपाली एक DEMAT खाता
मेरो लगानी, मेरो भविष्य